म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६२ आइतबार ७ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 21 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भाँडा व्यवसायी संघमा चौलागाईं निर्वाचित

हेटौंडा, ६ माघ/मकवानपुर भाँडा व्यवसायी संघको नयाँ कार्यसमिति चयन भएको छ । शनिवार भएको ५ औं साधारणसभा तथा तेस्रो अधिवेशनबाट अध्यक्षमा रामकृष्ण चौलागाईं निर्वाचित भएका छन् । १० सदस्यीय कार्यसमितिमा उपाध्यक्षदेखि सदस्यसम्म सर्वसम्मत हुँदा अध्यक्षका लागि निर्वाचन गरिएको थियो । अध्यक्षमा चौलागाईं र नेमराज शाक्यले प्रतिस्पर्धा गरेका थिए । ६४ जनाले मतदान गरेकोमा चौलागाईंले ५३ मत पाए । शाक्यले ११ मतमा चित्त बुझाए । संघको उपाध्यक्षमा कृष्णकुमार कंसाकार र राजकुमार श्रेष्ठ सर्वसम्मत चयन भएको मकवानपुर उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य कुलप्रसाद चौलागाईंले जानकारी दिए । अधिवेशनबाट संघको सचिवमा कृष्णप्रसाद दाहाल, कोषाध्यक्षमा बिक्रम उल्लक चुनिए । संघको सदस्यमा होमनाथ चौलागाईं, पवनकुमार कंसाकार, शंकर कंसाकार, राजेन्द्र शिवाकोटी र विजेन्द्र सिंह सर्वसम्मत चयन भएका छन् । मकवानपुर उद्योग वाणिज्य संघका वस्तुगत उपाध्यक्ष राजु अधिकारीको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष हेम बानियाँको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# हेटौंडामा 'महाराजधिराज ज्ञानेन्द्र राजा' आउने प्रचार, गणतन्त्रवादी दलको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ पूर्वराजा ज्ञानेन्द्र शाहले २९ जेठ २०६५ बाट नारायणी दरबार त्यागे । देशमा राजतन्त्रको अन्त्यसँगै गणतन्त्रको स्थापना हुन पुग्यो ।

ज्ञानेन्द्रले नारायणहिटी छोड्नु अघि २०६५ जेठ १५ मा बसेको पहिलो संविधानसभाको पहिलो बैठकले २ सय ४० वर्षे शाही राजतन्त्रको अन्त्य गर्दै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा परिणत गरेको थियो । दोस्रो संविधानसभाबाट ०७२ असोज ३ मा जारी संविधानले गणतन्त्रलाई संस्थागत गऱ्यो । यसबीचमा ज्ञानेन्द्र पूर्वराजाको हैसियतमा सम्मानित व्यक्तिको रुपमा रहँदै आइरहेका छन् । राजतन्त्रको अन्त्यपछि पूर्वराजा ज्ञानेन्द्र सक्रिय थिएनन् । उनी विगत ४-५ वर्षदेखि सक्रिय हुँदै आएका छन् ।

देश दौडाहकै क्रममा ज्ञानेन्द्र आज आइतबार हेटौंडा आउँदैछन् । उनले हेटौंडाको धार्मिकस्थलदेखि राप्रपाका कार्यकर्तासँगको भेटघाट गरेर दिनभर यतै बिताउने पूर्वनिर्धारित कार्यक्रम छ । राप्रपाले ज्ञानेन्द्रको भ्रमणलाई हेटौंडा र ग्रामीण क्षेत्रमा पनि 'माइकिङ' गरेर प्रचार गरिरहेको छ । तर, राप्रपा मकवानपुरले गरेको प्रचार भने विवादित हुन पुगेको छ । राप्रपाले सञ्चार माध्यमदेखि ब्यानरमै ज्ञानेन्द्रलाई 'महाराजधिराज राजा सरकार' भनेर प्रचार गरिरहेको छ । गणतन्त्रवादी दलहरुले ज्ञानेन्द्र शाहलाई 'महाराजधिराज राजा सरकार' भनेर प्रचार गर्नु भ्रमको खेती भएको टिप्पणी गरेका छन् ।

नेकपा एमाले मकवानपुरका अध्यक्ष तथा प्रदेशसभा सांसद एकालाल श्रेष्ठले ज्ञानेन्द्र शाहलाई 'राजा' भनेर गरिएको प्रचार गलत भएको बताए । 'राजा भनेर प्रचार गर्नु ठीक होइन । उनी पूर्वराजा पनि होइन, ज्ञानेन्द्र शाह हो', श्रेष्ठले भने । ज्ञानेन्द्र शाहले धार्मिक क्षेत्रको पूजाआजा भनेर राजनीतिक गतिविधि गरिरहेकोप्रति गणतन्त्रवादी दल नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका दलहरुले ध्यानाकर्षण भइरहेको बताएका छन् । नेपाली कांग्रेस हेटौंडा उपमहानगरका सचिव सविन न्यौपानेले ज्ञानेन्द्र शाहलाई 'राजा' भनेर गरिएको प्रचार भ्रमको खेतीको रुपमा टिप्पणी गरे ।

उनले बहालवाला राजाको जसरी प्रचार गर्नु गणतन्त्रको खिल्ली उडाएको बताए । 'राजा नै नभएको बेला राजा भनेर प्रचार गर्नु गणतन्त्रको खिल्ली उडाएको हो । भ्रमको खेती गर्नेलाई कारबाही हुनुपर्छ ।', उनले भने । उनले राजतन्त्रमा राजाको दमन र निरकुंशताविरुद्ध बोल्ने नागरिकलाई जेलनेलको सजाय दिने राजावादीले गणतन्त्रमा मिति सकिएको 'राजा'लाई बहालवाला जसरी प्रचार गर्नु कुनै कोणबाट पनि ठीक नभएको न्यौपानेले बताए ।

नागरिकमा भ्रामक प्रचार हुँदा पनि जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण नभएको भन्दै दलहरुले असन्तुष्टि जनाएका छन् । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईंले संविधानले नै बोल्न दिएको र मान्न वा नमान्न सक्ने अधिकार पनि दिएको प्रतिक्रिया दिए । प्रशासनको ध्यानाकर्षण भए पनि उत्पन्न परिस्थितिलाई आंकलन गरेर कतिपय निर्णय नगर्नु पनि ठीक हुने उनको भनाई थियो । शान्तिसुरक्षाको दृष्टिकोणमा कुनै समस्या देखिए प्रशासनले आफ्नो तरिकाले काम गर्ने चापागाईं बताउँछन् ।

यता राप्रपा मकवानपुर भने ज्ञानेन्द्रलाई पूर्वराजा मान्न तयार छैन । राप्रपा मकवानपुरका प्रवक्ता आयुष डोटेलले ज्ञानेन्द्रपछि दोस्रो राजा नभएको भन्दै राजा नै भन्नुपर्ने तर्क दिए । 'उहाँ राजा नै हो । उहाँपछि दोस्रो राजा नै छैन । त्यही भएर उहाँ राजा हो ।', डोटेलले भने ।

धार्मिक क्षेत्रहरुको अवलोकन तथा पूजाआरधानाका लागि हेटौंडा आउन लागेका पूर्वराजा शाहसँग भेटघाट कार्यक्रमको तय र व्यवस्थापन राप्रपाले गरेको छ । पूर्वराजा ज्ञानेन्द्रलाई ७ गते दिउँसो १२ बजे हेटौंडा-१५ स्थित चुरियामाई मन्दिरमा स्वागत गरिने आयोजक मूल समारोह समितिका संयोजक तथा प्रतिनिधि सभा सदस्य दीपकबहादुर सिंहले जानकारी दिए ।

सोही दिन दिउँसो साढे १२ बजे हेटौंडा-१३ पदमपोखरीस्थित ज्याङछुपलिङ पोताला गुम्बामा पूजाआराधना, साढे २ बजे हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरमा पूजाआराधनासहित शुभेच्छुक भेटघाट र साढे ४ बजे रिगल हेटौंडा रिसोर्टमा खेलप्रमी, बुद्धिजीवी, व्यवसायीलगायतसँग भेटघाट गरी साँझ पुन सिमरा फर्किने कार्यतालिका रहेको सिंहले बताए ।

## म्यान मकवानपुरको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरको १२ औं वार्षिक साधारणसभा शनिबार हेटौंडामा भएको छ । एशोसिएसनका अध्यक्ष नवराज चौलागाईका सभाध्यक्षता तथा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको प्रमुख आतिथ्यता रहेको थियो ।

सभामा आर्थिकमन्दीको चपेटा, व्यापार व्यवसाय धरासायी, बैंकको ताकेताका साथै सडक विस्तारको चर्चा चलेको थियो । सभालाई सम्बोधन गर्दै मउवा संघका अध्यक्ष गुप्ताले मउवा संघ शुद्ध व्यवसायीको साझा संस्था रहेकाले संघले व्यवसायीकै पक्षमा बोल्दै आइरहेको र आगामी दिनमा समेत व्यवसायीकै पक्षमा उभिने बताए । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स मकवानपुरका अध्यक्ष माधव न्यौपाने, एशोसिएसनका सल्लाहकार महेन्द्र राउत, मउवा संघका उपाध्यक्ष राजु अधिकारी, नेपाल मोवाइल व्यवसायी महासंघका केन्द्रीय सदस्य छतेन्द्र आचार्य, जुत्ता चप्पल व्यवसायी संघका अध्यक्ष रामहरि तिमल्सिना, घरबहाल संघका अध्यक्ष समीरमान डंगोल, क्यान महासंघ मकवानपुरका अध्यक्ष शिव श्रेष्ठलगायतले आफ्नो भनाई राखेका थिए ।

कार्यक्रममा महासंघ केन्द्रीय सदस्य दिनेश लामा, प्रदेश कोषाध्यक्ष मिलन स्याङ्तान, चितवन मोवाइल व्यवसायी संघका उपाध्यक्ष श्रीधर रेग्मी, निर्माण सामग्री व्यवसायी संघका अध्यक्ष बालकृष्ण बजगाई, कपडा तथा तयारी पोशाक व्यवसायी संघका उपाध्यक्ष पवन दुलाल, एसोसिएसनका सल्लाहकार कुमारमणि त्रिपाठीलगायतको आतिथ्यता रहेको थियो । सभाको अवसरमा चाडपर्व लक्षित कार्यक्रममा सर्वाधिक कुपन खरिदकर्ता आरजे मोवाइल, रिजाल मोवाइल, न्यौपाने वाच एण्ड मोवाइल सेन्टर, हेटौंडा मोवाइल हाउसलाई कदरपत्रले सम्मान गरिएको थियो भने उपहार प्रदान गर्ने र नगद सहयोग गर्ने कम्पनीतर्फ अम्बे मोवाइल्स प्रा.लि काठमाडौं, टेलि डाइरेक्ट प्रा.लि काठमाडौं, शुभलक्ष्मी मोवाइल र न्यौपाने वाच एण्ड मोवाइल सेन्टरलाई पनि कदर पत्रले सम्मान गरिएको थियो ।

## मकवानपुर मुद्रण उद्योग संघको तेस्रो साधारणसभा

### काम जिल्ला बाहिर गएपछि व्यवसायी मारमा




साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ छपाईको काम जिल्ला बाहिर गएपछि मकवानपुरका मुद्रण व्यवसायीहरु चिन्तित भएका छन् । शनिबार हेटौंडामा भएको मकवानपुर मुद्रण उद्योग संघको तेस्रो साधारणसभामा व्यवसायीले मर्का परेको बताएका थिए ।

साधारणसभालाई सम्बोधन गर्दै नेपाल मुद्रण व्यवसायी महासंघका केन्द्रीय सदस्य इन्द्र नेपालले मकवानपुरमा क्षमतावान व्यवसायी हुँदाहुँदै यहाँका कार्यालयहरु तथा निजी क्षेत्रले बाहिर काम लैजानु दुखद् भएको बताए । उनले सप्लायर्सहरुले पनि छपाईको काम लिएर अन्यत्र जिल्लामा जाँदा मकवानपुरका मुद्रण व्यवसायी मर्कामा पर्दै गएको बताए । संघ अध्यक्ष राजु नेपालको अध्यक्षतामा भएको साधारण सभाले सचिव पुरुषोत्तम ढकाल र कोषाध्यक्ष शंकरगोपाल खड्कीद्वारा पेश भएको प्रतिवेदन पास गरेको छ ।

साधारणसभाले वार्षिक कार्ययोजना बनाउने, मुद्रण व्यवसायीको लगानी, रोजगारी सिर्जना, राजश्वमा योगदान लगायतको सर्भे गर्ने निर्णय गरेको छ । कार्यक्रममा हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपाने, मकवानपुर चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपाने, संघका संस्थापक अध्यक्ष गोकर्ण सुवेदी, निवर्तमान अध्यक्ष अजीव भट्टराई, पूर्वउपाध्यक्ष गोपाल कार्की लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## बसामाडी जेसीजको पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ बसामाडी जेसीजको २५ औँ पदस्थापना तथा पुरस्कार वितरण भएको छ । शुक्रबार हेटौंडामा आयोजित कार्यक्रम वर्ष २०२४ का अध्यक्ष उद्धवराज कठायतको टिमको पदस्थापना तथा पुरस्कार वितरणमा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष रवि पोखेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

प्रमुख अतिथि पोखेलले आफूले माया गरेको सुरुदेखि नै यस संस्थाले आफ्नो जीवनमा धेरै परिवर्तन गरेको र जेसीसले युवाहरुको व्यक्तित्व र नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएकोमा उनले खुसी व्यक्त गरे ।

कार्यक्रममा सामुदायिक विद्यालयतर्फबाट एसइई परीक्षामा जिल्लामै उत्कृष्ठ नतिजा ल्याउन सफल भूटनदेवी माध्यमिक विद्यालयकी यादव रविना अधिकारीलाई नगद ११ हजार १११ सहित सम्मान गरिएको थियो । पत्रकारिता क्षेत्रमा क्रियाशील साझाकुराकर्मी तथा नेपाल कलम डटकमकी प्रतीक्षा न्यौपानेलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष कठायतले आफूले फरक किसिमले कार्यकाल समापन गर्ने बताएका छन् । उनले नयाँ स्लोगन सरल, सवल र सक्रियता युवा नेतृत्व भन्ने नाराकासाथ युवालाई समेट्ने बताएका छन् । कार्यक्रममा वर्ष २०२३ का अध्यक्ष जनक भण्डारीले आफ्नो कार्यकालमा सहयोग गर्ने जेसीज सदस्य, पूर्वअध्यक्ष तथा शाखा अध्यक्षलाई मायाको चिनो प्रदान गरेका थिए ।

पदस्थापनापश्चात अध्यक्ष कठायतले विस्तार गरेको कार्यसमितिले पद र गोपनीयताको सपथ लिएको थियो । वर्ष २०२४ का लागि अध्यक्ष कठायतसँगै कार्यकारिणी उपाध्यक्षमा सुदीप नेपाल र दीपेन्द्र यादव, उपाध्यक्षमा प्रमोद उप्रेती, ध्रुब गौतम, अभ्युदय खनाल र आयुश बोम्जम निर्वाचित भएका थिए । कार्यक्रम जनक भण्डारीको सभाध्यक्षमा सम्पन्न भएको थियो ।

## मन्त्री मोक्तानको पहलमा अशक्तलाई घरमै नागरिकता

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको पहल र जिल्ला प्रशासन कार्यालय मकवानपुरले भीमफेदी गाउँपालिकाको दुईजना जन्मजात पूर्णशारीरिक र मानसिक असक्तलाई घरमै नागरिकताको प्रमाणपत्र बितरण गरेकोछ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेल, नासु सहदेब आचार्य र अस्विनीकुमार अर्यालको टोलीले भीमफेदी गाउँपालिका-८ इपाका बिर्खबहादुर थिङको २० वर्षकी छोरी सुनिता थिङ र १६ वर्षको छोरा सुरेन्द्र थिङलाई घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् । नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नु सबै नागरिकको अधिकार भएको र कार्यालयमा उपस्थित हुन नसक्ने शारीरिक र मानसिक रुपमा पूर्णअसक्तलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको प्रशासकीय अधिकृत सरोज पौडेलले बताए ।

पौडेलले सवारी साधनबाट ओर्लेर करिब २ घण्टा हिडेर घरमै पुगि नागरिकता प्रदान गरिएको बताए । नागरिकता बितरणको लागि भीमफेदी गाउँपालिका-३ का वडाअध्यक्ष प्रितिलाल लामा, समाजसेवी अप्सरा लोप्चन, अमृत बललगायतले सहयोग गरेका थिए । भौगोलिकरुपमा दुर्गम र पूर्णअसक्त आफ्ना छोरा छोरीलाई घरमै आएर नागरिकता प्रदान गरेकोमा सामाजिक विकासमन्त्री मोक्तान, जिल्ला प्रशासन कार्यालय मकवानपुर र स्थानीय सबैलाई बिर्खबहादुर थिङले धन्यवाद दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# नदीजन्यपदार्थ उत्खनन्मा झमेला

मुलुक संघीय संरचनामा गएपछि स्थानीय सरकार बिलोया बन्न खोजिरहेको छ । कतिपय अधिकारका लागि स्थानीय सरकाले लडाईं नै गर्नु पर्ने अवस्था छ । उदाहरणका लागि प्राकृतिक स्रोतमाथिको अधिकार पाउन नसकेका कारण स्थानीय सर कारले संघीय र प्रदेश सरकारसँग हारगुहार माग्न थालेको अवस्था छ । स्थानीय सर कारले प्राकृतिक स्रोतमाथिको अधिकार प्रयोग गरी राजश्व आम्दानी गर्न समस्या भएको भन्दै समस्या सुल्झाउन मकवानपुरका १० वटै पालिका प्रमुख तथा उपप्रमुखहरु सहमत भएका छन् । हेटौंडामा भएको छलफलबाट सरकारलाई बाझिएको हदसम्मको ऐन संशोधन गर्न सुझाएका हुन् । बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा मकवानपुरका १० वटै पालिकाको अध्यक्ष-उपाध्यक्ष र प्रमुख-उपप्रमुखको संयुक्त बैठक बसेर नदीजन्यपदार्थ उत्खनन तथा बिक्री बितरण गर्ने कानूनी प्रक्रिया सरल बनाउन आग्रह गर्ने निर्णय गरेको छ । बैठकले नदीजन्यपदार्थ उत्खनन् संकलन कार्य सुचारु गरी स्थानीय तहहरुको राजश्व संकलन कार्य अगाडि बढाउन तीनवटा निर्णय गरेको छ । नदीजन्यपदार्थ उत्खनन, संकलन तथा बिक्री बितरण सहज बनाउन सम्बन्धित निकायमा माग गर्दै सहभागीहरुले स्थानीय सरकारको राजश्व संकलन गर्ने वातावरण सहज बनाउन आग्रह गरेका हुन् ।

कतिपय स्थानीय तहले मापदण्ड पूर्ण पालना गरेका छैनन् । त्यस्ता स्थानीय तहलाई खवरदारी गर्दै मापदण्ड पालना गर्ने स्थानीय तहलाई अधिकार दिने कुरामा संघीय वा प्रदेश सरकार सहमत हुनै पर्छ । नदीजन्यपदार्थमा संघ र प्रदेशको कानुन बाझिएको भन्दै जिल्लाका सबै पालिकाले संशोधन माग गरेका हुन् । नेपालको संविधानले स्थानीय तहलाई एकल अधिकारको रुपमा दिएको नदीजन्यपदार्थ संकलनसम्बन्धी अधिकार प्रयोग गर्न संघीय तथा प्रदेशले निर्माण गरेको वातावरण संरक्षणसम्बन्धी कानून बाझिएकोले बाझिएको हदसम्म संशोधन गर्न माग गरेका हुन् । प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी समेत १० वटै पालिका प्रमुखहरुको बैठक बसी बिपदजन्य क्षेत्रबाट नदीजन्यपदार्थ संकलन गर्ने बिषयमा आवश्यक छलफल गर्ने निर्णय भएको छ । जिल्ला समन्वय समितिको संवैधानिक कानूनी जिम्मेवारी र बिगतका अभ्यास समेतका आधारमा स्थानीय तहको नदीजन्यपदार्थ (ढुँगा, गिट्टी, बालुवा) संकलनको मौज्दात प्रमाणीकरणको कार्य जिल्ला समन्वय समितिबाटै गरिनु पर्ने निर्णय भएको छ । वातावरण संरक्षण ऐन २०७६ को दफा (३)को उपदफा (२) मा स्थानीय तहले बनाएको कानून उल्लेखित निकायमा पेश गर्ने भनिएको छ । यो वातावरणीय प्रभाव मूल्यांकन वा संक्षिप्त वातावरणीय अध्ययनको हकमा स्थानीय सरकारले निर्माण गरेको कानून प्रदेशसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि नदीजन्यपदार्थको सम्पूण अधिकार स्थानीय सरकारलाई नै दिएको छ ।

वातावरण संरक्षण नियमावली २०७७ मा भएको प्राबधान भने वातावरण संरक्षण ऐन २०७६ सँग बाझिएको बैठकका सहभागीले बताए । वातावरण संरक्षण ऐन २०७६ को दफा (३) को उपदफा (२) (क) मा राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोडबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम संघको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माणसम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माणकार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजनासम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारंम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए मन्त्रालय समक्ष पेश गर्ने भनिएको छ । वातावरण संरक्षण ऐन २०७६ को दफा (३) को उपदफा (२) (ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माणसम्बन्धी कार्य वा आयोजनासम्बन्धी प्रस्तावको हकमा सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष, (ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माणसम्बन्धी कार्य वा आयोजनासम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष पेश गर्ने भनिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ ८ गते सोमबार २२ जनवरी २०२४ । द्वादशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसूग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# कहाँ छ सुशासन मेरो देशमा ?



✍ हरि गौतम

केही दिनअघि वीरगन्ज सुक्खा बन्दरगाह कार्यालयमा लामो समयदेखि बवारिसे अवस्थामा रहेका करिब ३५० कन्टेनर खोलिए, कन्टेनर खोलिँदा आश्चर्यको अवस्था थियो । अधिकांश कन्टेनरमा बिल बिजकभन्दा फरक सामान आयात गरिएको थियो ।

४० फिटे कन्टेनरको पहिलो लहरमा बिल बिजक अनुसारको सस्तो सामान, दोस्रो र तेस्रो लहरमा महँगो सामान रहेको थियो । यी कन्टेनर छुटेका भए सिधै ग्रिन च्यानलबाट बिल बिजक अनुसारको सस्तो भन्सार तिरी बजार जाने थिए । भन्सारमा व्यवसायीको सहजताका लागि ग्रिन, एल्लो र रेड च्यानल खडा गरिएको हुन्छ । ग्रिन च्यानलबाट जाने सामानको ट्रक खोलिँदैन, चेक गरिँदैन । अर्थात् सोझै बिल बिजक अनुसार भन्सार पास हुन्छ ।

यसो हेर्दाखेरि व्यवसायीलाई सहुलियत दिन यो व्यवस्था गरे जस्तो गरे पनि माफिया र भ्रष्ट कर्मचारीको ठूलो साँठगाठ अनुसार वर्षौंदेखि सस्तो बिल बिजकको नाममा महँगो सामान ग्रिन च्यानलबाट सामान पास गराएर अर्बौंको राजस्व चोरी भइरहेको रहेछ । यो कुनै एक पक्ष वा व्यक्तिले गर्न सक्ने विषय भएन । यसमा राज्य सञ्चालनका भ्रष्टहरू, माफियाहरू र भन्सारमा खटिएका भ्रष्ट कर्मचारी बिचको साँठगाँठ नभई सम्भवै छैन । तर यसमा कुन समयमा को को संलग्न थिए भन्ने खोज्न केही प्रमाण छैन । तैँ चुप मै चुपको अवस्था छ ।

गत हप्ता सैंय वन मन्त्रालयमा अनौठो दृश्य देखियो । मन्त्रालयको मन्त्री कक्षमा वनमन्त्री, सत्तारुढ दलका एक सांसद, सचिव, सह-सचिव, महानिर्देशकसहित करिब १५-२० जना थिए । सांसद भन्दै थिए, 'यो काम नभए म यहीँ अनशन बस्छु, तपाईंहरूलाई पनि जान दिन्नँ, काम आजै हुनुपर्छ भएन भने यसको कागज यही जलाउँछु ।'

मन्त्री निरीह भएर सुनिरहेका थिए । भएको के रहेछ भने आजभन्दा चार वर्षअघि बूढानीलकण्ठमा करिब साढे तीन अर्ब रुपैयाँको लागतमा एक भव्य होटल खोल्न वातावरण मूल्यांकनका लागि वन मन्त्रालयमा निवेदन दिइएको रहेछ । वन मन्त्रालले अनेकौं बहानामा यो काम गरेन । प्रक्रिया पुऱ्याएर निवेदन दिएपछि काम हुने आशामा लगानीकर्ताले लगानी गर्दै गए । चार वर्ष बित्यो, वन मन्त्रालय काम गर्दैन । सयौं रोजगारी सिर्जना हुने, पर्यटन विकासमा टेवा पुग्ने, स्थानीय उत्पादन खपत हुने यो आयोजना सबै दृष्टिबाट उपयुक्त आयोजना थियो । अब लगानीकर्ता बिचल्लीमा परे, उनको केही लाग्दैन र सांसद गुहारे ।

अचम्मको कुरा त वनमन्त्री भन्दै थिए, 'खरदारले गरेन, सुब्बाले गरेन, मैले भनेको कोही मान्दैनन्, म अब कुर्सीमा बस्नलायक रहिनँ' आदि आदि । दृश्य यस्तो थियो कि मन्त्रालय मन्त्रीले नचलाएर कसले चलाउँछ थाहा छैन ।

हालसालै एउटा समाचार आयो, यातायात विभागबाट एक लाखभन्दा बढी लाइसेन्सहरू परीक्षा नै नलिई गैरकानुनी तरिकाले वितरण गरियो । वर्षौंदेखि त्यहाँका महानिर्देशकसहित भ्रष्ट कर्मचारीको काम गैरकानुनी लाइसेन्स वितरण गर्नु र घुस खानु रहेछ । एक दिन वा एक वर्षमा त लाखभन्दा बढी लाइसेन्स त्यसरी वितरण हुँदैन, अनि यातायातको सम्पूर्ण भ्रष्ट संरचना संलग्न नभई यो सम्भव छैन ।

म यातायात सेवासँग नजिक छु । त्यहाँ बिचरा एउटा गरिब केटाले हेभी गाडीको लाइसेन्स पाउन डेढ लाखसम्म घुस खुवाउनुपर्छ । सहायक चालक हुँदै ड्राइभर भएका कति युवाले गाडी चलाउन त सक्छन् तर घुस खुवाउन नसकेर विदेश गएका छन् । हरेक सवारीको अलग-अलग घुसको दर छ, न्यूनतम स्कुटरमा १० हजारदेखि सुरु हुन्छ । सत्तासीनहरू सबैलाई यो थाहा छ । सबै राजनीतिक दलहरूलाई पनि थाहा छ, तर उनीहरू यसबाट कमिसन लिन्छन्, प्रक्रिया सुधार्दैनन् । यातायात क्षेत्रमा परीक्षा पास गरेको डेढ वर्षसम्म लाइसेन्स पाइँदैन ।

केही वर्षपहिले एक मन्त्रीले करोडौं कमाउने लोभमा अनावश्यक रूपमा जग्गाको कित्ताकाट रोक्का गरे । भूमिसुधार मन्त्रालयले कित्ताकाट नगर्ने निर्णयको परिपत्र गऱ्यो, तर कहीं पनि कित्ताकाट रोकिएन र हरेक दिन भएका कित्ताकाटको रेकर्ड मन्त्रालयमा गयो । पहिलेभन्दा बढी कित्ताकाट हुन थाल्यो, तर आफूले रोकेको कित्ताकाट कसरी हुन गयो भनेर कहिल्यै सोधखोज भएन । अब कित्ताकाटमा महँगो घुसको दर कायम भयो । सहरी क्षेत्रमा एक कित्ताकाटमा २५ हजारदेखि दुई लाखसम्म घुसको रेट कायम भयो भने ग्रामीण क्षेत्रमा ५० हजारसम्म । राज्यलाई यो सबै थाहा छ, यहाँ अख्तियार छ, सतर्कता केन्द्र छ, मन्त्रालयले आफैं कारबाही गर्न सक्छ, तर खै किन हो सबै तैं चुप मै चुप भए ।

२०७१ सालमा सरकारले पुराना बक्यौता कर उठाउने प्रयोजनका लागि लुम्बध्वज खाँडको अध्यक्षतामा तीन सदस्यीय कर फर्स्योट आयोग गठन गऱ्यो । आयोगले सही काम गरेन र अर्बौं कमाउने राजस्व गैरकानुनी रूपबाट छुट दिएको आरोप लागि विशेष अदालतमा मुद्दा चल्यो । विशेष अदालतले १० अर्बभन्दा माथि भ्रष्टाचार गरेको ठहर गऱ्यो । नेपालको इतिहासमा ठूलो भ्रष्टाचार काण्डमध्ये यो पनि एक हो । राजनीतिक तहको संलग्नताबिना यो भ्रष्टाचार सम्भव छैन भन्ने कुरा घामजस्तै छर्लङ्ग छ ।

भुटानी शरणार्थीको अर्को दुःख छ । बहालवाला गृहमन्त्री, गृहसचिव, पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्रीसहित उच्च पदस्थहरू मिलेर नेपालीलाई भुटानी भनी बेच्ने कतिसम्म घृणित कार्य थियो त्यो केस ? यो केस साम्य नभएसम्म ठूला राजनीतिक दलमा अभूतपूर्व एकता देखियो । हरेक दिन उनीहरू आपसमा खुला तथा गोप्य भेटघाट, छलफल गर्न थाले । सञ्चारको यस्तो विकास भएको अवस्थामा उनीहरूको छटपटी सबैले बुझ्ने नै भए ।

त्यस्तै ललिता निवास जग्गा प्रकरण पनि राजनीतिक नेतृत्वको घिनौलो कार्य थियो । जसमा एक पूर्वमन्त्री र एक बहालवाला सर्वोच्चका न्यायाधीशलाई जोगाउन घुस लिएको जग्गा फिर्ता गरियो । भ्रष्टाचारको फायल अख्तियारले कमजोर बनायो, सीबीआईले संगठित अपराधमा मुद्दा चलाउन अनुसन्धान गरेको फायल सरकारी वकिललाई प्रभावमा पारेर संगठित अपराधमा मुद्दा नचलाई मुद्दा कमजोर बनाइयो र अन्तिममा यो छानबिन त्यसै फासफुस भएर जाने प्रबल सम्भावना छ । एयरपोर्ट वा उत्तरी नाकाबाट हुने सुन तस्करीमा मुख्य राजनीतिक दल नेकपा माओवादीका शीर्षस्थ नेताको प्रत्यक्ष संलग्नता देखिन्छ ।

नेपाल वायुसेवा निगममा एक अध्यक्ष थिए, खाने खुवाउने मामिलामा माहिर । उनले अनेकौं प्रपञ्च गरेर सम्पूर्ण स्वार्थ समूह, उच्च राजनीतिक नेतृत्व, माफिया आदिलाई मिलाएर निगमका लागि चारवटा जहाज किने, जहाज खरिदमा नियम-कानुनको पालना गरिएको थिएन । संसदीय समितिको प्रतिवेदनकै आधारमा ६ अर्ब रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको थियो । त्यसमा सबै राजनीतिक दलका उच्च नेतृत्व संलग्न थिए । संसदीय समितिले अख्तियारलाई कारबाही गर्न निर्देशन गऱ्यो, तर अख्तियारले केही कारबाही गरेन । उसले गर्न सक्ने पनि थिएन । राजनीतिक दलको उच्च नेतृत्व संलग्न केसमा उसले हात हाल्ने कुरै भएन ।

केही वर्षपहिले आयल निगममा एक इन्जिनियर ठूलो सेटिङमा कार्यकारी निर्देशक भएर आए । उनी खान-खुवाउनमा अत्यन्तै उदार थिए । नियुक्ति पाएर आउँदाको खर्च, उच्च राजनीतिक नेतृत्वलाई बुझाउनुपर्ने खर्च अनि आफूलाई पनि केही चाहियो । उनलाई ठूलो रकम चाहिएको थियो, तत्काल जुक्ति निकाले । निजले आयल निगमका लागि जग्गा किन्ने प्रपञ्च मिलाए । स्थापित सम्पूर्ण नियम-कानुन मिच्दै उनले सिधै खोला बगर कमसल आदि जग्गालाई परल मोलको तेब्बर मोल दिएर अर्बौं रुपैयाँको जग्गा किने र उदारतापूर्वक उच्च राजनीतिक नेतृत्वलाई पैसा बाँडे । केही आफूले पनि राखे । त्यसबेलाका आपूर्ति मन्त्रालयको सचिव चलाख थिए, छन् । जग्गा खरिद प्रक्रिया सञ्चालक समितिमा आए उनी फस्ने थिए । उनले आफू नफस्न र काम पनि गर्न कार्यकारी निर्देशकलाई अख्तियारी दिए । अन्ततः उनलाई यस प्रकरणमा कुनै कारबाही भएन, राज्यको अर्बौं रुपैयाँ नोक्सान भयो ।

केही वर्षपहिले एक सञ्चारमन्त्रीले हाकाहाकी ७० करोड रुपैयाँ घुसको बार्गेनिङ गरे । संसदमा कुरा उठ्यो, उनले पदबाट राजीनामा दिए । उनको त्यो टेप कारबाहीका लागि अख्तियारमा गयो । अख्तियारले उनीमाथि कुनै कारबाही गरेन, संसदीय समितिले पनि केही गर्न सकेन । हालसालै टेरामेक्स खरिद प्रक्रियामा विभिन्न मन्त्रीसहित उच्च पदस्थ कर्मचारीले गैर कानुनी काम गरी अर्बौं रुपैयाँ घोटाला गरेका छन् भनी संसद्मा कुरा उठ्यो, तर कारबाही हुँदैन ।

बडो अचम्म छ, यो मुलुकमा माफिया, सिन्डिकेटधारी र उच्च राजनीतिक नेतृत्वको स्वार्थ नमिली कुनै ठूलो आयोजना आउँदैन । स्वार्थ मिले मुलुकले जे चुकाउनुपरे पनि त्यस्तो आयोजना आएर छोड्छ । नेपालमा अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा चाहिएको छ तर आयो पोखरा र लुम्बिनीमा, जहाँ आवश्यकता नै थिएन । करिब पाँच अर्ब खर्च गरेर सिमरामा सेजको स्थापना भयो, उद्योगीहरूलाई चाहिएकै छैन । त्यस्तै रकम खर्च गरेर चोभारमा सुक्खा बन्दरगाह सञ्चालन भयो । जुन आवश्यक नै छैन । यी आयोजना किन आए भन्दा यहाँ माफिया, बिचौलिया र उच्च राजनीतिक नेतृत्वको आर्थिक स्वार्थ पूरा भयो । आयोजना चलोस् वा नचलोस्, मुलुकलाई जतिसुकै घाटा परोस् उनीहरूलाई मतलब हुने विषय नै भएन ।

२०७० को दशकमा सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना घोषणा गऱ्यो । त्यसलाई प्राथमिकता दिएर सम्पन्न गर्ने भन्यो । जनता खुसी भए तर घोषणा गरिएका २७ आयोजना आज भ्रष्टाचारको अखडा भएका छन् । पूरा हुने छाँटकाँटै छैन । हरेक वर्ष बजेट बढ्दो छ, बजेट भनेको आम जनताको सम्पत्ति हो, आम जनताको ऋण हो । त्यसलाई दुरुपयोग गर्नु अपराध हो, तर सरकार त्यही गरिरहेको छ । करदाताप्रति विश्वासघात गरिरहेको छ ।

आम जनतासँग प्रत्यक्ष सरोकार स्थानीय निकायको रहन्छ । स्थानीय निकायमा भ्रष्टाचारको बोलबाला छ । उद्योगी व्यवसायीलाई अनावश्यक दुःख दिइन्छ । महँगो चुनावी खर्चले गर्दा त्यहाँका मेयर, उपमेयरहरू भ्रष्टाचारमा लिप्त छन् । नजिकैबाट युवाले हेरिरहेका हुन्छन्, उनीहरूलाई थप निराशा उत्पन्न हुन्छ ।

हाम्रो देश कस्तो होला, जहाँ सांसदले दिनभरि संसद् चलाउँछन् तर कानुन बनाउँदैनन् । एक कानुन बनाउन ८-१० वर्ष लाग्छ । सांसद हाजिर हुन्छन् र सुविधा बुझ्छन् तर बैठकमा भाग लिँदैनन् बैठकको कोरम पुग्दैन ।

शिक्षामा ग्रामीण क्षेत्रमा सरकारी शिक्षाको अवस्था दयनीय छ । सरकारले कसैलाई फेल नगराउने नीति लिएपछि त विद्यार्थीले पढ्नै नपर्ने भयो । विश्वविद्यालय तहमा पढाइको कुनै क्यालेन्डर छैन । कहिल्यै नियमित कक्षा सञ्चालन हुँदैन । विद्यार्थीको कोर्स कहिल्यै पूरा हुँदैन । परीक्षा दिन र परीक्षाको रिजल्ट निकाल्न १५ महिनासम्म लाग्छ । १५ महिना त्यो विद्यार्थी बिल्कुलै बेरोजगार भएर आफ्नो अमूल्य समय बिताइरहेको हुन्छ अनि त्यो विद्यार्थीलाई पढाइका लागि विदेश जाने सोच किन नआओस्, यसप्रति सत्तासीनले सोचेकै छैनन् ।

यहाँ भ्रष्टाचारले नछोएको कुनै क्षेत्र छैन । जनसरोकारका विषयमा अझ बढी भ्रष्टाचार छ । सर्वसाधारण, उद्योगी-व्यवसायी सहित आमनागरिक यसबाट पीडित छन्, सरकार रमिते छ । भ्रष्टाचार नियन्त्रण गर्न खोलिएको अख्तियार आयोग र सतर्कता अकर्मण्य छन् । महालेखा परीक्षकको प्रतिवेदनलाई कहिल्यै पनि सरकार, संसद्ले गम्भीरतापूर्वक लिएन । यो एक कर्मकाण्डी प्रथा भयो । महालेखा परीक्षकको प्रतिवेदनमा देखाइएको बेरुजुबाट कारबाही हुने डर कसैलाई पनि छैन ।

नेपालमा सीमावर्ती सबै सहरमा अवैध कारोबारले प्रश्रय पाएको छ । वैध कारोबारमा सरकारको कठोर नियमन एवं अवैध कारोबार बढाउन गरिएको नीतिगत निर्णयले बिस्तारै वैध कारोबार गर्न नसक्ने अवस्था छ । सत्तासीनका भ्रष्टहरू यसैमा रमाइरहेका छन् । सुधारको कुनै लक्षण देखापरेको छैन । नेपालको विकासको मेरुदण्ड भनेको कृषिक्रान्ति नै हो । कृषि विकासको लागि सरकारले ठूलो धनराशि खर्च गरिरहेको छ तर त्यो सही कृषकले नपाएर राजनीतिक दलका कार्यकर्ता, भ्रष्ट व्यक्ति वा बिचौलियाले मात्र पाउँछन्, सरकारी कर्मचारीको संलग्नताबिना यो सम्भव हुने कुरै भएन ।

सरकार काम नगर्ने वा भ्रष्ट काम गर्ने कर्मचारीलाई हटाउन सक्दैन । त्यस्तो नियम नै छैन । भूकम्प पीडितको अवस्था, सहकारी ठगीको अवस्था, लघुवित्त पीडितको अवस्था, लम्की स्किन आदिसँग सरकार गम्भीर छैन, केवल ओठे कुरा गर्नु बाहेक, जो पऱ्यो त्यो मऱ्यो ।

काठमाडौं ट्राफिक कार्यालयसहित अधिराज्य भर हजारौं सवारीसाधन सडिरहेका छन् । यसको सही समाधानका लागि राज्यलाई कहिल्यै पनि चिन्ता लागेन । अर्बौं रुपैयाँ राज्यको नोक्सान भइरहेको छ । यो नोक्सान राष्ट्रको नोक्सान हो भन्ने भएन । युवाहरू यो बेथिति देखिरहेका छन् र बिदेसिँदै छन् । वास्तवमा यहाँका युवाहरू यहाँ बाटो घाटो नभएर, बिजुली नभएर विदेश गएका होइनन्, यहाँ सुशासन नभएर, भ्रष्टतन्त्रको अनुभूति गरेर र भ्रष्टतन्त्रभित्र आफ्नो भविष्य नदेखेर विदेश गएका हुन् ।

बढ्दो सञ्चार क्षेत्रको विकासले अहिले सबै समाचार नागरिकले थाहा पाउँछन् । घटनाक्रम पारदर्शी हुँदै छ । युवाहरू त्यो बुझिरहेका छन् । उनीहरू यस भ्रष्टतन्त्रमा आफ्नो भविष्य देख्दैनन्, रोजगारी सिर्जना भएको छैन र विदेश पलायन हुन्छन् । हामीले सुशासन दिन सकेनौं, भ्रष्टाचार न्यूनीकरण गर्न सकेनौं, शासनमा पारदर्शिता र जिम्मेवारी बोध हुन सकेन भने यो मुलुकलाई कसैले पनि बचाउन सक्दैन । सबैले समयमै मनन गरौं ।

*(साभार: रातोपाटी)*

# सत्ता र नेताले राष्ट्रिय सभाको महत्व नै बुझेनन्

✍ डा. खिमलाल देवकोटा

२०४७ सालमा संविधान जारी भएपछि नेपालले विकेन्द्रीकरणको राम्रो अभ्यास सुरु गर्न खोजेको थियो । प्राथमिक शिक्षादेखि कृषि, पशु लगायत विषय तल्लो तहमा पठाउनुपर्ने आवाज उठेको हो, जुन पछि कार्यान्वयनमा आएन । हिजोको विकेन्द्रीकरण कानुनी विकेन्द्रीकरण थियो ।

२०७२ सालमा जारी भएको संविधानले संवैधानिक संघीयता सहितको विकेन्द्रीकरणको परिकल्पना गरेको हो । हाम्रो संविधानले स्थानीय सरकारबाट नै सेवा प्रवाहका काम हुनुपर्ने परि कल्पना गरेको छ । कामको भार बढी भएको ठाउँमा त्यही अनुपातमा जनशक्ति र स्रोत-साधन हुनुपर्छ । तर, संविधान जारी हुनासाथ कर्मचारीवृत्तमा सकेसम्म तल्लो तहमा जान नपरे हुन्थ्यो भन्ने मानसिकता बन्यो । उनीहरूले तल्लो तहमा जान नपरे हुन्थ्यो भन्ने वकालत गरिरहे । २०७४ सालको निर्वाचनपछि सरकार बनेसँगै माथिल्लो तहमा अधिकार थपियो । केही कार्यालयहरू गाभिए, तर विभागहरू घटेनन् ।

त्यो बेलाको नेतृत्वकै कमजोरी मान्नुपर्छ, उनीहरूले संविधान र संघीयता बुझेनन् । संविधानले तीन तहको सरकार परिकल्पना गरेको छ । स्थानीय तहलाई पनि राज्यशक्तिको अधिकार हुने भनेको छ । तर संविधानमा सुनिश्चित गरिएको स्थानीय सरकारको यो भूमिका केन्द्रीय तहमा बस्ने राजनीतिक र प्रशासनिक नेतृत्वले बुझ्नै चाहेन ।

संविधान जारी भइसकेपछि संघीयता कार्यान्वयनका सिलसिलामा तीनवटा कानुन बनाउन खोजिएको थियो । स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक तयार भयो । कर्मचारी समायोजन ऐनको मस्यौदा पनि त्यतिबेला बनेको थियो । त्यतिबेलाको मस्यौदा हेर्ने हो भने मुलुकमा संघीयता आएको महसुस नै नगरी विधेयक तयार पारिएको थियो भन्ने देखिन्छ । संविधान जारी हुनुभन्दा अघिको एकात्मक व्यवस्थामा नै हाम्रा स्थानीय निकायले ५० प्रतिशतसम्म रोयल्टी पाउँथे । स्थानीय स्रोत-साधन, जलविद्युत् तथा पर्यटनबाट आर्जित राजस्वमा स्थानीय निकायले राम्रो हिस्सा पाउँथे ।

तर, संघीयता जारी भएपछि स्थानीय तहलाई ५ प्रतिशत मात्रै हिस्सा हुने भनी विधेयक तयार पारियो, प्रदेश तहलाई १० प्रतिशत दिइयो । अधिकार तल्लो तहमा प्रत्यायोजन भएको छ, तर संघीय तहलाई अनुकूल हुने कानुन बनाउने सिलसिला कायमै रह्यो ।

स्थानीय स्रोत-साधनको प्रयोगमा स्थानीय तहलाई नै अग्राधिकार हुन्छ भनेर संविधानले सुनिश्चित गरेको थियो । स्थानीय अग्राधिकार भन्ने शब्दावलीको प्रयोगको समेत कुनै अर्थ भएन । यस्ता प्रवृत्तिको चर्को विरोध गरेका कारण पछि २५/२५ प्रतिशतको दरले रोयल्टी बाँडफाँटमा कुरा मिल्यो । संघीयता जारी हुनुअघि मैले लामो समय स्थानीय तहको अनुदान व्यवस्थापन र वित्तीय विकेन्द्रीकरणको क्षेत्रमा काम गरें । त्यसपछि राष्ट्रिय योजना आयोगमा विज्ञको भूमिकामा रहें । योजना आयोगमा रहँदा चिटका आधारमा नेता र शक्तिशाली व्यक्तिहरूले धमाधम योजना बाँड्ने काम गरे । यसरी आवश्यकता र मागका आधारमा भन्दा पनि शक्ति र पहुँचका आधारमा योजना छनोट हुँदो रहेछ भन्ने देखिएपछि मैले सार्वजनिक रूपमा नै 'योजना आयोग खारेज गरिदिए हुन्छ' भनेको हुँ ।

प्रदेश तहको स्थापनापछि मैले बागमती प्रदेश सरकारको योजना आयोगको उपाध्यक्ष भएर काम गरें । प्रदेश सचिवको कार्यकक्षको एउटा कुनामा टेबल र कुर्सी राखेर योजना आयोगको काम सुरु गरिएको थियो । पछि वडा तहको विवरण संकलन गर्नेदेखि आवधिक योजनाहरू बनाउने काम भयो । योजनाबद्ध विकासका कामले संस्थागत स्वरुप लिन खोजेका बेला हिजोका केन्द्रीय तहको विकृति प्रदेश तहसम्म देखिन थाल्यो । प्रदेशका सांसदहरूले नै आफ्नो निर्वाचन क्षेत्रमा योजना र कार्यक्रममा ध्यान केन्द्रित गर्न खोजे ।

प्रदेशहरू अन्तरपालिका स्तरका ठूला योजनामा जानुपर्छ भन्ने सोच भए पनि त्यसको कार्यान्वयन हुनसकेको थिएन । विरोधका बाबजुद निर्वाचन क्षेत्र विकास कार्यक्रम राखियो । पछि फेरि खल्तीकै योजनाले प्राथमिकता पाए, मैले पनि योजना आयोगको जिम्मेवारी स्वेच्छाले छाडें ।

### राष्ट्रिय सभाबाट हेर्दा

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको आन्तरिक विवादका कारण एकीकरण भएको एमाले र माओवादी केन्द्र अलग-अलग भए । राष्ट्रिय सभामा केही सांसदहरू दलत्याग गरेका कारण पदमुक्त भएपछि खाली पदमा म निर्वाचित भएँ । यसरी साढे दुई वर्षको अवधिमा मैले राष्ट्रिय सभाबाट प्रदेश र स्थानीय तहको संवैधानिक भूमिका, उनीहरूले पाएको अधिकार र स्रोत-साधन अनि संस्थागत विकास र हालको अवस्था जान्ने-बुझ्ने मौका पाएँ ।

राष्ट्रिय सभा आ-आफ्नो क्षेत्रमा भूमिका निर्वाह गरेका विज्ञहरूको थलो हो । सिद्धान्ततः नै जनप्रतिनिधिहरू मतदाताप्रति उत्तर दायी हुन्छन् । मेरो मतदाता प्रदेशका सांसद अनि स्थानीय तहका प्रमुख र उपप्रमुख थिए । उनीहरूको आवाज प्रतिनिधित्व हुनुपर्छ भन्नेमा मेरो ध्यान केन्द्रित भयो । यस बाहेक एक वर्ष प्रदेश योजना आयोगमा बस्दा त्यहाँ किन र के कारणले समस्या छ भन्ने धेरथोर थाहा पाएको थिएँ । संघीयता कार्यान्वयनका क्रममा प्रदेश र स्थानीय तहलाई सुरुदेखि नै कमजोर बनाउने खेल सुरु भएको हो । कतिसम्म भने प्रदेशमा सचिव नपठाउने, पठाए पनि खोसेर लैजाने, दुःख दिने काम भयो । सार्वजनिक खर्च पुनरावेदन आयोगले केन्द्रीय तहका कैयौं संरचना खारेज हुनुपर्ने सुझाव दिएको थियो । तिनलाई तल्लो तहमा पठाइदिन आग्रह गरे पनि सुनुवाइ नगरिदिने समस्या रह्यो । सन्निकटताको सिद्धान्त अनुसार, तल्लो तहमा जति धेरै अधिकार भयो, जनता त्यति नै लाभान्वित हुन्छन् । आफ्ना प्रतिनिधिहरूप्रति उनीहरूको अपनत्व बढ्छ भन्ने मान्यता राखिन्छ । विकेन्द्रीकरण र स्थानीय शासनको विद्यार्थीका नाताले पनि मैले प्रदेश र स्थानीय तहको सशक्तीकरणको वकालत गरेको हुँ ।

क्रमशः पृष्ठ-३....

# एउटा पनि क्रिकेट मैदान नभएको कर्णाली

काठमाडौं/कर्णाली प्रदेशले क्रिकेटको राष्ट्रिय प्रतियोगिता खेल्न थालेको पाँच वर्ष भन्दा बढी भइसक्यो । उसले सन् २०१८ मा प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको दोस्रो संस्करणदेखि सहभागिता जनाइरहेको छ । सुरुवाती दुई संस्करण कर्णाली जितविहीन हुँदै फर्किएको थियो ।

सन् २०२१ जनवरी १९ मा कर्णालीले मूलपानी मैदानमा गण्डकी प्रदेशलाई ५ विकेटले हराउँदै प्रधानमन्त्री कपमा पहिलो जित दर्ता गरेको थियो । कर्णाली प्रदेशमा एउटा पनि क्रिकेट मैदान छैन । आफ्नै मैदान नहुँदा पनि उसको प्रदर्शन भने झन् झन् सुधार हुँदै गएको छ ।


शनिबार मधेश प्रदेशसँगको खेलपछि कर्णालीका खेलाडीहरु । तस्वीर सौजन्य : नेपाल क्रिकेट संघ

कर्णालीले पछिल्लो दुई वर्षमा घरेलु क्रिकेटमा उत्कृष्ट प्रभाव छाडेको छ । सबै टोलीसँग कडा प्रतिस्पर्धा गर्दै आएको छ । यस पटकको प्रधानमन्त्री कपमा कर्णालीले सुरुवाती चारमध्ये दुई खेल जितेको छ । बुधबार सिद्धार्थ रंगशाला भैरहवामा घरेलु टोली लुम्बिनीलाई ६० रनले स्तब्ध पारेको थियो । गण्डकीलाई ७ विकेटले हराएको कर्णाली सुदूरपश्चिमसँग भने १३४ रनले पराजित भयो ।

शनिबार काठमाडौंको त्रिवि क्रिकेट मैदानमा ६१ रनले पराजित हुँदा पनि कर्णालीले मधेशलाई अन्तिमसम्म दबाबमा राख्यो ।

नेपाली यू-१९ टिमबाट क्रिकेट खेलिसकेका रवीन्द्रजंग शाहीले सुरुवातदेखि नै कर्णाली टोलीको नेतृत्व गर्दै आइरहेका छन् । आफ्नै मैदान नहुँदा सोचेजस्तो विकास हुन नसकेको उनी बताउँछन् ।

'खेलाडीहरु कर्णाली भन्दाबाहिर नै अभ्यास गर्ने गर्छन्, मैदान अभावमा खेतबारीमै टेनिस बलले क्रिकेट खेलिरहेका छन् । मैदान भयो भने अरु खेलाडीहरु पनि निस्किन्छन् । टिममा प्रतिस्पर्धा पनि हुन्छ र टोली राम्रो पनि बन्छ', शनिबार मधेशसँगको खेलपछि रवीन्द्रले भने ।

आउँदो वर्ष कर्णालीमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ । त्यसका लागि सुर्खेतको वीरेन्द्रनगरस्थित कालिञ्चोक र कर्णाली रंगशालाको छेउमा गरी दुई क्रिकेट मैदान निर्माणाधीन छन् ।

'दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका कारण त्यहाँ क्रिकेट मैदान बन्ने एउटा सकारात्मक पक्ष देखेका छौं', कप्तान रवीन्द्रले भने ।

नेपालमा खेलकुदमा निकै कम लगानी छ, क्रिकेटमा भएको केही लगानी पनि सिनियर क्रिकेट टिममा बढी छ । प्रदेशस्तरमा र अझ कर्णालीमा त क्रिकेटमा लगानी शून्यकै अवस्थामा छ । खेलाडीको खेलप्रतिको हुटहुटी र मिहिनेतले मात्र कर्णालीमा क्रिकेट खेलाडी आइरहेका छन् ।

खेलाडीहरु छनोटको बेलामा मात्र कर्णाली पुग्छन् । अरु बेला भारत, काठमाडौं, धनगढी वा कुनै सहरमा बसेर क्रिकेट सिक्छन् । तर सबै खेलाडीका लागि बाहिर गएर अभ्यास गर्न सहज छैन । त्यसैले क्रिकेट खेल्ने चाहना भएका धेरै खेलाडी त्यसै हराएका छन् ।

खेलाडी छनोट पनि २०-२५ ओभरको एक-दुई खेलबाट गर्नुपर्ने बाध्यता छ । यसरी छानिएको टिमले राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरेर जित निकाल्नु कठिन छ ।

कर्णालीले आठ महिना अघि जनकपुरमा भएको पहिलो महेन्द्रनारायण निधि टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको थियो । ७ प्रदेश सहभागी प्रतियोगितामा कर्णालीले सुदूर पश्चिमलाई हराउँदै पहिलो उपाधि जितेको थियो ।

तर धेरै अभ्यास र मिहिनेतबिना एकदिवसीयको त्यस्तो नतिजा ल्याउन निकै कठिन हुन्छ । अन्य ६ प्रदेशमा कम्तीमा काम चलाउ क्रिकेट मैदान छन् । कर्णालीमा भने त्यही पनि छैन । 'अहिले २०-२२ जना खेलाडी होलान् । मैदान भएमा धेरै खेलाडी उत्पादन हुन्छन्', कप्तान रवीन्द्र भन्छन् ।

कर्णालीका सुर्खेत, दैलेख, कालीकोट, रुकुम र सल्यानले क्यानको जिल्ला सदस्यता मान्यता पाएका छन् । कर्णालीका कुनै पनि जिल्लामा खेल्न योग्य मैदान छैन । त्यसैले टेनिस क्रिकेट खेल्नुबाहेक अन्य विकल्प पनि छैन ।

यसका बाबजुद कर्णालीका विपिन रावलले यू-१९ विश्वकप खेलिसकेका छन् । अनुज चनारा सिनियर टोलीको बन्द प्रशिक्षणमा परेका खेलाडी हुन् । दिनेश अधिकारी र अर्जुन घर्ती आगामी दिनमा नेपाली टोलीबाट नै खेल्न सक्ने सम्भावना देखाएका छन् ।

'म खेलाडीहरुलाई धन्यवाद नै दिन चाहन्छु । बाहिर खेल्छन् । एक फोनको भरमा जहाँ भएपनि छनोट खेल्न आउँछन्', कप्तान रवीन्द्र भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'महाजात्रा'को गीतमा 'स्पोन्सर्ड' भ्यूज




काठमाडौं/फिल्मको हाइप निर्माण गर्न गीतको ठूलो भूमिका हुने गर्छ । यसैले गीतको अडियो र भिडियो स्तरीय बनाउन निर्माताले लाखौं खर्च गर्ने गरेका छन् । तर, यतिबेला गीतमाथिको लगानी बालुवामा पानीझैं भैरहेको देखिन्छ । वर्षमा एकाध गीत मात्र चर्चामा आउँछन्, बाँकी त युट्युबमै हराउँछन् । यसैले अचेल गीतलाई जबर्जस्ती हिट देखाउन डलर तिरेर युट्युबमा भ्यूज थुपार्ने ट्रेन्ड फस्टाएको छ ।

फिल्म 'महाजात्रा'का निर्माताले पनि गीतमा भ्यूज थुपार्न सामाजिक सञ्जालमा पैसा तिरेर गरिने प्रचार (बुस्ट)को सहारा लिएका छन् । माघे संक्रान्तिको दिन फिल्मको 'आहा क्या राम्रो !' गीत सार्वजनिक गरिएको थियो । एकातिर हिट फिल्मको सिक्वेल र अर्कोतिर नाम चलेका कलाकारको नृत्य भएकाले गीतलाई राम्रो भ्यूज मिल्ने धेरैको आँकलन थियो । तर, गीतको भ्यूजले निर्माता नै तर्सायो ।

रिलिजको दुई दिनसम्म गीतलाई युट्युबमा १ लाख भ्यूज पनि मिलेको थिएन । जबकि, गीत खिच्न मात्र निर्माताले १० लाख बढी खर्च गरेका थिए । गीतको भ्यूजलाई लिएर टिका-टिप्पणी हुन थालेपछि निर्माताले इज्जत जोगाउन 'बुस्ट'को सहारा लिए । र, २ दिनपछि गीतमा भ्यूजको बाढी देखियो । ५ दिनसम्ममा गीतलाई ६ लाखभन्दा बढी भ्यूज मिलेको छ । स्पष्ट छ कि यो 'बुस्ट'को करामत हो ।

केही दिनदेखि युट्युबमा ओएसआर डिजिटलबाट गीतलाई 'स्पोन्सर्ड' गरिएको छ । फेसबुकमा पनि केही पेजबाट गीत 'स्पोन्सर्ड' गरिएको भेटिन्छ । त्यसैको सहारामा गीतले भ्यूज कमाइरहेको हो । त्यसो त प्राय: निर्माताले गीतमा भ्यूज देखाउन 'बुस्ट'कै सहारा लिने गर्छन् । तर, 'जात्रा' जस्तो सफल फिल्मको सिक्वेलको गीतलाई समेत 'बुस्ट' गरेर 'हिट' देखाउन खोज्नु निर्माताको दुर्भाग्य हो ।

खुल्लामञ्चमा लाखौंको सेट तयार पारेर ५ दिनसम्म 'महाजात्रा'को गीत खिचिएको थियो । गीतमा चर्चित डान्सर आश्मा विश्वकर्मा र अभिनेता अरुण क्षेत्रीले नृत्य गरेका छन् भने फिल्मका कलाकारहरु विपिन कार्की, वर्षा राउत, रविन्द्र सिंह बानियाँ र रविन्द्र झा पनि नृत्य गर्दै देखिएका छन् । भ्यूजका लागि निर्माताले 'बुस्ट'को सहारा लिएको भए पनि गीतको अडियो र भिडियो आकर्षक छ ।

**नक्कली भ्यूज किन्ने प्रवृत्ति**

सामाजिक सञ्जालमा गीत 'स्पोन्सर्ड' गर्ने ट्रेन्ड सामान्य भैसकेको अवस्थामा अचेल पैसामा नक्कली भ्यूज किन्ने प्रवृत्ति पनि मौलाउन थालेको छ । निकट स्रोतका अनुसार, २० देखि २५ हजार सम्ममा १ लाख नक्कली भ्यूज किन्ने गरिएको छ । केही व्यक्तिले अहिले यसैलाई व्यापार बनाइरहेका छन् । र, धेरै निर्माताले पैसामा किनेर फिल्मका गीतदेखि टिजर-ट्रेलरमा नक्कली भ्यूज थपेका छन् ।

*(स्रोत: फिल्मीखबर)*

# बारामा चिसोले जनजीवन प्रभावित, नियमित उडान २ सातादेखि अवरुद्ध

बारा/लगातार २ सातादेखि बढेको चिसो र शितलहरले बाराका स्थानीय गरिब र विपन्न परिवारहरू बढी प्रभावित भएका छन् । बिहानदेखि नै लागेको बाक्लो हुस्सु शितलहरसँगै दिनभर लागेको कुहिरोका कारण घाम नलागेपछि जनजीवन प्रभावित बन्न थालेको हो ।



सोही कारण सिमरा विमानस्थलबाट हुने नियमित उडान समेत २ सातादेखि प्रभावित भएको छ । सिमरा विमानस्थल मौसम शाखाका कर्मचारी प्रतिष्ठा अधिकारीले हुस्सु र शितलहरका कारण २ सातादेखि विमानस्थलबाट हुने नियमित उडानहरू प्रभावित भएको बताएकी छन् ।

'दुई हप्ता भयो छिटफुट बाहेक सबै हवाई उडान अवरुद्ध छ, अझै कति दिन यस्तै हुन्छ भन्न सकिँदैन' अधिकारीले भनिन्, 'हवाई उडान हुनलाई न्युनतम् २ हजार ५ सय भिजिबिलिटी चाहिन्छ तर आज भिजिबिलिटी एक हजार पनि पुगेन ।'

सिमरा विमानस्थलबाट दैनिक एक दर्जन बढी हवाई उडान हुने गर्दछ तर पछिल्लो २ सातादेखि छिटफुट बाहेक हवाई उडान ठप्प प्राय छ । सिमरा विमानस्थल मौसम शाखाका अनुसार यस वर्ष सबैभन्दा चिसो जनवरी १५ तारिकका दिन न्युनतम तापक्रम ५ दशमलव २ डिग्री रहेको थियो । यो साता न्युनतम् तापक्रम १० डिग्रीभन्दा कम छ भने उच्चतम तापक्रम १२ डिग्री रहेको छ ।

केही दिनदेखि लागेको बाक्लो कुहिरोसँगै चल्ने चिसो हावाले मानिसहरू घरबाहिर निस्कन सकेका छैनन् । बजार तथा सहरमा मानिसको चहलपहल निक्कै कम भएको छ । चिसोका कारण जिल्लाका सामुदायिक तथा निजी विद्यालयहरू बन्द छन् ।

परवानीपुर गाउँपालिका-५ का बौअरीका ७३ वर्षीय मोहनप्रसाद पटेलले जाडोमा कुनै नेताहरूले गरिब जनतालाई नहेरेको गुनासो गरे । 'गरिब मान्छेलाई जाडोमा ओढ्ने चाहियो, खानलाई पेटमा रासन चाहियो, दाउरा चाहियो यो बाहेक अरू केही छैन, नेताहरूलाई गरिब जनता मरोस् कि बाँचोस् केही मतलब छैन' स्थानीय वृद्ध पटेलले भने, 'पोहोर, परार साल दाउरा, कम्मल पनि बाँडेको थियो, अहिले केही छैन, हामीले कोसँग माग्न जाने ।'

कोल्हवी नगरपालिका १ की ७० वर्षीय पशुपति थारुले पनि जाडो बढेकोले गाउँमा बूढाबूढीहरूलाई धेरै गाह्रो भएको बताइन् । 'हामी बुढाबुढी मान्छेलाई धेरै गाह्रो भएको छ, अहिलेसम्म कसैले केही सहयोग गरेको छैन' थारुले भनिन् । पछिल्लो समय चिसो बढ्दै गएपछि डिभिजन वन कार्यालयले बाराका ११ र पर्साको ४ वटा स्थानीय तहमार्फत आगो ताप्न दाउरा वितरण गरेको जनाएको छ ।

वन अधिकृत नेपाली साहले बाराका ११ वटा स्थानीय तहलाई ४५ चट्टा र पर्साको ४ वटा पालिकालाई ७ चट्टा दाउरा आगो ताप्नका लागि दिइएको बताएका छन् ।

सामान्यतया एक चट्टामा ३ देखि ४ ट्र्याक्टर दाउरा हुने गर्दछ । चिसो बढेसँगै सडक दुर्घटना न्यूनीकरण गर्नका लागि ट्राफिक कार्यालय बाराले आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ भने जिल्ला जनस्वास्थ्य कार्यालयले पनि चिसोबाट जोगिन बालबालिका र वृद्ध वृद्धाको विशेष ध्यान दिन अनुरोध गरेको छ ।

*(स्रोत: रातोपाटी)*

# सत्ता र नेताले राष्ट्रिय सभा....

अहिले पनि स्थानीय तहमा आवश्यक भन्दा करिब २०/२२ हजार कम कर्मचारी छन् । बीचमा लोकसेवा आयोगबाट पठाइएका करिब १० हजार कर्मचारी समेत संघीय मामिला मन्त्रालयको हस्तक्षेपका कारण अनुकूल ठाउँमा सरुवा भइसके । करिब २०० भन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नै छैनन् ।

स्थानीय तहको पुनर्संरचनाका क्रममा हिजोका गाविसलाई अहिले वडा बनाइएको हो । हिजोका हरेक गाविस आजका वडा हुन्, तर पर्याप्त कर्मचारी छैनन् । भएका कर्मचारी सिंहदरबारमा भीड लागेका छन् । कर्णालीका दुर्गम भागमा काठमाडौं उपत्यकाभन्दा ठूलो क्षेत्रफलका वडा छन्, कर्मचारीहरू छैनन् । २४ सय वर्ग किलोमिटरको हुम्लाको नाम्खा काठमाडौं उपत्यका भन्दा ठूलो छ ।

त्यो ठाउँका बासिन्दाले कहिले र कसरी सेवा पाएका छन् भनेर सिंहदरबारले कहिल्यै सोचेन । प्रदेश तहमा पनि कर्मचारी अभाव छ । केही पनि नपाएका प्रदेश र स्थानीय सरकारले जनतासामु कसरी आफ्नो उपस्थितिको प्रत्याभूति गराउन सकुन् ? यो मर्म र आवाज राष्ट्रिय सभाले निरन्तर बोल्नु आवश्यक छ ।

संघीय तहमा खारेज हुनुपर्ने मन्त्रालय यथावत् रहे । हिजो विकास क्षेत्रको तहमा रहेका संरचना र कार्यालयलाई समेत प्रदेश तहमा हस्तान्तरण नगरेर केन्द्रीय तह मातहत नै राखियो । विभिन्न मन्त्रालयका संरचना माथिल्लो तहमा रहे । कतिपय मन्त्रालयहरूमा अहिले पनि दुई जना सचिव छन् ।

प्रदेश र स्थानीय तह संस्थागत विकासका लागि महत्वपूर्ण मानिएको कर्मचारी समायोजन समयमा हुन सकेन, निकै ढिला भयो । त्यस क्रममा प्रदेशलाई नै बेवास्ता गर्ने काम भयो । प्रदेशलाई संविधानले मात्रै होइन, नेताहरूले पनि कमजोर बनाए ।

संविधान जारी भएपछिको आम निर्वाचनबाट बनेको सरकारमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सुविधायुक्त बहुमतमा हुनुहुन्थ्यो । तर प्रदेश तहलाई अधिकार दिन बेवास्ता गरेपछि त्यतिबेलाका मुख्यमन्त्रीहरू पोखरामा भेला भएर असन्तुष्टि पोखेका थिए । 'मेरा विरुद्ध गुटबन्दी गर्ने तिमीहरू होइनौ ?' भनेर उनीहरूलाई ६ महिनासम्म बालुवाटार छिर्न समेत दिइएन ।

हिजोकाले जे माग गरे, अहिलेका मुख्यमन्त्रीहरूले पनि त्यही आवाज उठाइरहेका छन् । तीन साताअघि मात्रै हेटौंडामा भेला भएका मुख्यमन्त्रीहरूले त्यही कुरा दोहोर्याएका हुन् । भोलिपल्ट बालुवाटारमा आएर गुनासो गरे । सुरुमा नै राजनीतिक नेतृत्वले सही बाटो नलिएकाले संघीयता कार्यान्वयनले गति लिएन ।

आवाजको सुनुवाइ भएन मेरा लागि यी सबै समस्या उठाउने र ध्यानाकर्षण गराउने उपयुक्त ठाउँ राष्ट्रिय सभा थियो । मैले संघीयता कार्यान्वयनका मामिलामा 'यो यो काम गर्नुपर्ने आवश्यकता छ' भनी राष्ट्रिय सभामा १५ बुँदे संकल्प प्रस्ताव पेश गरेको थिएँ ।

संघीयता कार्यान्वयनको संकल्प प्रस्ताव ल्याउन निकै कठिन भएको थियो किनभने सबै दलका सांसदहरूलाई त्यो विषयवस्तुबारे विश्वस्त पार्नु आवश्यक थियो । जो सुकै भए पनि सत्तापक्ष यस्तो प्रस्तावमा सहमत हुँदैन, यस्तो प्रस्ताव ल्याउनु भनेको सरकारलाई जवाफदेही बनाउने र अप्ठेरो पर्ने काम हो भन्ने उनीहरूले बुझेका हुन्छन् ।

समिति पनि बन्यो, हामीले ९९ बुँदे सुझाव पनि दियौं । प्रतिवेदनले संघीयता कार्यान्वयनका समस्या र अवरोधबारे विस्तृत रूपमा खुलाएको छ । प्रतिवेदनलाई प्रदेश सभामुखहरूले र सरकारले समेत ग्रहण गरेका छन्, अपनत्व लिएका छन् । राष्ट्रिय सभाले समेत संघीयता कार्यान्वयनको वकालत नगरे कसले गर्ने ? प्रदेश र स्थानीय तहको क्षमता विकासको वकालत अरू कसले गर्ने ?

अन्तरतह समन्वय परिषद् सक्रिय भएको थिएन, अन्तरसरकारी सम्बन्ध कमजोर थियो । २०७५ मंसिरमा तत्कालीन प्रधानमन्त्रीको नेतृत्वमा बसेको परिषद्को बैठकले जारी गरेको संघीयता कार्यान्वयनको २९ बुँदे रोडम्याप अहिले पनि अलपत्र छ ।

*(साभार: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# एकीकृत समाजवादीको विधान संशोधनका लागि सुझाव संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/नेकपा (एकीकृत समाजवादी) को 'अन्तरिम विधान २०७८' संशोधनका लागि मकवानपुरमा सुझाव लिइएको छ । शनिबार नेकपा (एकीकृत समाजवादी) मकवानपुरले पार्टी जिल्ला कमिटीमा सुझाव संकलन गरेको हो ।

अब कायम गर्नुपर्ने पार्टीको संरचना, नीति, बिधि, पद्धति, उमेरहदलगायत विषयमा पार्टीको विधान संशोधनका लागि पार्टी जिल्ला कमिटी मकवानपुरमा आवश्यक सुझाव लिइएको हो । विभिन्न चारवटा समूहमार्फत संकलित सुझाव पार्टी मकवानपुरको सचिवालय बैठकमार्फत् पार्टी केन्द्रमा पठाउने र पार्टीको राष्ट्रिय परिषद् बैठकले अन्तिम टुंगो लगाउने जनाइएको छ । पार्टी केन्द्रले पठाएको अन्तरिम विधानमा आवश्यक सुझाव दिँदै पार्टीको अन्तरिम विधानलाई पूर्णता दिनका लागि यसखालको सुझाव संकलन गरिएको एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देलले जानकारी दिइन् ।

यसरी संकलन गरिएका सुझावलाई विधान संशोधनका लागि पार्टी मकवानपुर जिल्ला सचिवालय मार्फत् ८ माघसम्म पार्टी केन्द्रमा पठाइसकिने सिग्देलले बताइन् । विधान संशोधनको तयारीमा रहेको एकीकृत समाजवादीले माघ १४ र १५ मा राष्ट्रिय परिषद्को बैठक संचालन गर्दैछ । पार्टी कसरी बलियो बनाउन सकिन्छ ? भन्ने बिषयमा यस्तो सुझाव लिइएको एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य ललितकुमार बस्नेतले बताए ।

'विधान भनेको पार्टी संगठनको प्राण हो ।' बस्नेत भन्छन्, 'विधानलाई विशेष महत्व दिइने भएकाले यो कस्तो बनाउँने ? भन्नेमा यसखालको सुझाव लिइएको हो ।' यो बेला ध्यान पुऱ्याइएन भने पार्टीको प्रभावकारी विधान बन्न नसक्ने र पछि पछुताउनुपर्ने हुँदा अहिले आवश्यक सुझाव दिनुपर्ने बस्नेतको भनाई छ ।

'सुझाव लिने कुरा पार्टीको तल्लो कमिटीसम्मै लगिएको छ । यो अत्यन्त उयपुक्त काम हो ।' बस्नेत भन्छन्, 'हामीले दिने सुझावले पार्टी केन्द्रलाई आवश्यक विधान निर्माणका लागि पनि मलजल पुगोस् भन्ने हाम्रो धारणा छ ।' बस्नेतका अनुसार एकीकृत समाजवादीलाई जनताका माझमा बलियो कम्युनिष्ट पार्टी बनाउँन अब दुई महिनामा पार्टी संगठन सुदृढीकरण अभियान पनि सुरु हुदैछ ।

पार्टी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षता तथा पार्टीका स्थायी कमिटी सदस्य ललित कुमार बस्नेतको प्रमुख आतिथ्यतामा आयोजित विधान संशोधनका लागि सुझाव लिने भेलामा पार्टी केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज सिग्देल, पार्टी केन्द्रीय सदस्य तथा राष्ट्रियसभा सदस्य गोमा तिमल्सिना, पार्टी केन्द्रीय सदस्य राजाराम स्याङ्तान, गोविन्दराम चेपाङ,केन्द्रीय परिषद् सदस्य यादव गजुरेल, पार्टी बागमती प्रदेश कमिटी सदस्य ईश्वर रुम्बा लगायतको आतिथ्यता थियो ।

# प्रेस चौतारीको कार्यालय स्थापना






साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ मकवानपुरको हेटौंडामा प्रेस चौतारी नेपाल मकवानपुर शाखाको कार्यालय स्थापना गरिएको छ । शनिबार चौतारी मकवानपुरको कार्यालय उद्‌घाटन गरिएको हो ।

हेटौंडा-४, स्थित भैरवरोडमा स्थापना गरिएको चौतारीको कार्यालय शनिबार प्रेस चौतारी नेपालका महासचिव हीरामान लामाले उद्‌घाटन् गरेका हुन् । मकवानपुरमा क्रियाशील पत्रकारहरुले प्रेस चौतारीको कार्यालयबाटै समाचार लेखनको काम गर्न सकिने लामाले बताए । प्रेस चौतारीका केन्द्रीय सचिव तथा बागमती प्रदेश इन्चार्ज बिष्णु तारुकेले कार्यालय स्थापना गरेर चौतारी मकवानपुरले छरिएर रहेका पत्रकारलाई एकताबद्ध ढंगले काम गर्न सहज पुग्ने बताए ।

प्रेस चौतारी मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यालय स्थापना कार्यक्रममा प्रेस चौतारी नेपाल केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हरि हुमागाई, चौतारीका बागमती प्रदेश महासचिव प्रकाश दाहाल, पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष धुब अधिकारी, प्रेस सेन्टर मकवानपुरका अध्यक्ष अन्जली थापालगायतको उपस्थिति रहेको थियो ।

यसैगरी चौतारी मकवानपुरको आयोजना गरेको 'प्रविधिको विकास र डिजिटल पत्रकारिता'को चुनौती र सम्भावना विषयक दुइदिने कार्यशाला शनिबार समापन गरिएको छ । समापनमा नेकपा एमाले मकवानपुरका अध्यक्ष तथा बागमती प्रदेश श्रम, रोजगार तथा यातायात पूर्वमन्त्री एकालाल श्रेष्ठले दुइदिन कार्यशाला निकै फलदायी रहेको बताए । अबको युग डिजिटल भएकाले यसलाई आत्मसात गर्दै पत्रकारले क्षमता समेत विकास गर्दै लानुपर्ने उनले बताए ।

कार्यक्रममा प्रेस चौतारी नेपालका महासचिव लामा, सचिव तथा बागमती प्रदेश इन्चार्ज तारुके, केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हुमागाई, चौतारीका बागमती प्रदेशका महासचिव दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, महासचिव कृष्ण सारुमगर, महासंघ मकवानपुरका उपाध्यक्ष अधिकारी, प्रेस युनियन मकवानपुर अध्यक्ष सुवास विडारी, गैरसरकारी संस्था महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठक, सञ्चारीका समूह बागमती प्रदेशका अध्यक्ष सरिता दाहाल, प्रेस सेन्टर मकवानपुर अध्यक्ष अन्जली थापा लगायतको आतिथ्यता थियो ।

# हेटौंडा र गढीमा लोकतन्त्रवादी जनजाति महासंघ गठन

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/नेपाली कांग्रेस निकट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ हेटौंडा उपमहानगरपालिकाको नयाँ कार्यसमिति चयन भएको छ ।

हेटौंडामा शनिवार भएको प्रथम अधिवेशनबाट महासंघको अध्यक्षमा शान्ति स्याङ्वो लोप्चन चयन भएकी छन् । महासंघको उपाध्यक्षमा प्रमिला राई, जगबीर रुम्बालामा, सचिव सृष्टी गोर्खाली, गोपाल लामा, सहसचिव प्रमिला राई लिम्बु, सदस्यमा प्रकाश स्याङ्तान, ईश्वरी सिल्पकार, सुनिल थिङ, रजिना श्रेष्ठ, विश्वनारायण श्रेष्ठ, लक्ष्मीदेवी श्रेष्ठ र कल्पना थिङ चयन भएका छन् ।

नेपाली कांग्रेस हेटौंडा उपमहापालिका नगरसभापति उत्सव इटेनीको सभाध्यक्षतामा भएको अधिवेशनमा कांग्रेस मकवानपुर सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता थियो । अधिवेशनमा पार्टी प्रदेश सदस्य चम्फुरत्न लामा, जानकी गिरी, पार्टी जिल्ला उपसभापति आनन्द कठायत, सचिव भीमसेन महत, सहसचिव इन्दिरा न्यौपाने, प्रवक्ता अर्जुन चौलागाईं, लोकतन्त्रवादी आदिवासी जनजाति महासंघकी केन्द्रीय सदस्य लक्ष्मी थिङ, संघीय सचिव कबिन सांगामी, महासंघको नगर अध्यक्ष हर्करत्न लामालगायतले मन्तव्य राखेका थिए ।

यसैगरी, मकवानपुरगढी गाउँपालिकामा पनि नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गठन गरिएको छ । महासंघ मकवानपुरगढीको अध्यक्षमा सर्कलाल लो, उपाध्यक्षमा जिल्लाबहादुर थिङ, उपाध्यक्षमा विस्वशान्ति लामा सचिवमा रामराजा महर्जन, सचिवमा सुबलसिं डिम्डुङ, सहसचिवमा जीवन स्याङतान, शान्ति गोले, सदस्यहरुमा बिमलाकुमारी लो, सूर्यमाया रुम्बा, लक्ष्मण दर्लामी, बिन्दुमाया तितुङ, सुकुराम थिङ, मानबहादुर घलान, सविन रानामगर र निरमाया रुम्बा चयन भएका छन् ।

# नेपाल बीउ व्यवसायी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/नेपाल बीउ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको नवौं साधारण सभा शनिबार हेटौंडाको गुम्बाडाँडामा सम्पन्न भएको छ ।

संघका अध्यक्ष रमेश अर्यालको अध्यक्षतामा हेटौंडा उपमहानगरपालिका-१८ स्थित गुम्बाडाँडामा भएको साधारणसभाका वक्ताहरुले बीउबिजनमा नेपालको परनिर्भरता बढ्दै गएको भन्दै देशभित्रै गुणस्तरीय बीउ उत्पादनका लागि नीति निर्माणमा जोड दिन आग्रह गरिएको थियो । कृषि ज्ञानकेन्द्र चितवनका प्रमुख झलकनाथ कंडेलले राम्रो बीउ हुँदा उत्पादन वृद्धि हुने भन्दै गुणस्तीरय बीउ आवश्यक भएको बताए ।

उनले नेपालमा कृषि सम्बन्धी प्रविधि हस्तान्तरणमा बीउ बिजन व्यवसायीको ठूलो योगदान रहेको बताउँदै आयात प्रक्रिया लामो हुँदा बीउ आउन ढिलाई हुने गरेको बताए । नेपाल बीउ व्यवसायी संघका केन्द्रीय महासचिव विश्वराज बानियाँले बीउ बिजनसम्बन्धी नियमावलीको अभावमा बीउबिजन दर्ता रोकिएको भन्दै मौसममा आएको परिवर्तनले पनि कृषि उत्पादनमा समस्या आएको बताए ।



## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०७*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडा कोच.नं. ७९०, मिति २०६०/०९/२२ को प्राप्त पदपुर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१०/०३ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपुर्तिको लागि ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वानसहित विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र.सं | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | प्रा.शि. | राहत (करार) | १ | |

२. शैक्षिक योग्यता :- प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
३. उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम :- लिखित, अन्तर्बार्ता तथा कक्षा अवलोकन
५. तलब भत्ता : नेपाल सरकारद्धारा राहत कोटाको लागि तोकिएको बमोजिम ।
६. दरखास्त दस्तुर :- नगद रु १०००/- (एक हजार मात्र। निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति :- २०८०/१०/१४ गते सुचिकृत उम्मेदवारको लागि र मिति २०५०/१०/२१ खुल्ला उम्मेदवारको लागि (विद्यालय समय भित्र)
८. दरखास्त दिने स्थान: श्री राष्ट्रिय मा.वि. मनहरी ७ विजौना, रमनटार (विद्यालय समय भित्र)
९. सम्पर्क मिति :- २०८०/१०/२२ गते
१०. परीक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ ।
११. आवश्यक कागजात
क) हस्तलिखित निवेदन १ प्रति ।
ख) शैक्षिक योग्यताको र चारित्रको प्रमाणित प्रतिलिपि २ प्रति ।
ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
घ) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।

**नोटः-** शिक्षक सेवा आयोगको करार सुचिमा परेकाहरुको हकमा योग्यता कमको आधारमा विज्ञापन भएको ७ दिन भित्र मात्र दरखस्त दर्ता गरी नियमानुसार नियुक्ति गरिने छ । उक्त ७ दिनभित्र करार सूचिमा सुचिकृत उम्मेदवारको दरखास्त दर्ता नभएमा बल्ला उमेदवारहरुको लागि शिक्षा नियमावली २०५९ को नियम ९७ सहितको प्रक्रिया पूरा गरी नियुक्ति गरिने छ ।

**सम्पर्क नं.** ९८४५०५२७३४ (प्र.अ.), ९८४५१३७६७३ (वि.व्य.स अध्यक्ष)

**श्री राष्ट्रिय माध्यमिक विद्यालय**
मनहरी-७, विजौना, रमनटार, मकवानपुर



#HetaudaAcademy

## हार्दिक समवेदना



जन्म
वि.सं २०८० माघ ०२

स्वर्गारोहण
वि.सं २०८० फागुन १७

स्व. पवित्र देवी चौलागाईं

यस विद्यालयमा कार्यरत कर्मचारी श्री सिता चौलागाईंकी ममतामयी आमा **श्री पवित्र देवी चौलागाईं** को असामयिक निधन भएको खबरले सिंगो विद्यालय परिवार मर्माहत भएको छ। दुखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै सम्पूर्ण शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समबेदना व्यक्त गर्दछौं ।

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np




## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७०२८४६१४, ९८४५६२३५६९




## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर
Palung, Makawanpur

### धितो सुरक्षणमा रहेको सम्पतीहरु लिलाम बिक्री सम्वन्धी १५ दिने सूचना !

*प्रकाशित मितिः २०८०/१०/०७*

यस सहकारी संस्थाबाट ऋण/कर्जा लिनुहुने तपसिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्यदस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिँदाको बखत सुरक्षणमा लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य सिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८०।१०।२१ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्त दिन समयमा उपस्थित हुनु हुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनुहुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौ । बोलपत्र फारम संस्थाको प्रधानकार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथलिलाम सकार्न कवुल गरेको कुलअंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नुपर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुनलागेको सम्पत्तीको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम:कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ४४३<br>जारी मितिः २०४४/१०/२६<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर |  | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा । |
| २ | **नाम** : बिनोद कुमार स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४७४<br>जारी मितिः २०४२/०१/१४<br>ठेगानाः बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नामः कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङ्तान<br>ना.प्र.प.नं. ३१३०३४/४०४<br>जारी मितिः २०६३/११/०८<br>ठेगानाः बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सानुकान्छा स्याङतान<br>बाबुको नामः कृष्ण बहादुर स्याङतान<br>बाजेको नाम : पर्शुराम बहादुर स्याङ्तान<br>ना.प्र.प.नं. १४३५<br>जारी मितिः २०४३/०८/२६<br>ठेगानाः बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुन्दर स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मितिः<br>ठेगाना:बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुनिल स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मितिः<br>ठेगानाः बज्रबाराही ४, मकवानपुर |     | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा ।<br><br>सानुकान्छा स्याङतानको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा |
| ३ | **नाम** : बबिता बिष्ट<br>बाबुको नाम : शिबजीथापा<br>पतिको नाम : बद्री बिष्ट<br>ना.प्र.प.नं. ३१३०२७/१८७<br>जारी मितिः २०३९/०३/०९<br>ठेगानाः दामन ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** बद्री बिष्ट<br>बाबुको नामः बलराम बिष्ट<br>बाजेको नामः टेक बहादुर बिष्ट<br>ना.प्र.प.नं. ५२९ ना.म.<br>जारी मितिः २०४५/०१/१९<br>ठेगानाः दामन ३, मकवानपुर<br>**नामः** शिबजी थापा<br>बाबुको नाम : टेक बहादुर थापा<br>बाजेको नाम : अमर बहादुर थापा<br>ना.प्र.प.नं : आग्रा २८९<br>जारि मितिः २०४३/०९/२३<br>ठेगाना : आग्रा १, मकवानपुर |    | शिवजी थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ९८२/९८० को क्षेत्रफल २-१३-०-२/५-०-१-० को जग्गा । |
| ४ | **नाम** : अशोक अधिकारी<br>बाबुको नाम : एक बहादुर अधिकारी<br>बाजेकोको नाम : तेज बहादुर अधिकारी<br>ना.प्र.प.नं. ४४/६९५<br>जारी मिति : २०५३/१२/१३<br>ठेगाना : बज्रबाराही-४, मकवानपुर |  | यातायात व्यवस्था कार्यालय बागमती प्रदेशमा दर्ता वहाल रही यस संस्थाको नाममा अशोक अधिकारी ऋणी रहने गरी नामसारी भएको प्रदेश ३-०२.०१३ प ६९१०को मोटरसाईकल<br>PRADESH 3-02.013 PA 6910<br>Engine Number: G3J3E0514139<br>ChasisNumber: ME1RG445CK0069982<br>Colour: Mat Green |
| ५ | **नाम** : धिरज ढकाल<br>बाजेको नाम : यज्ञ प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>ना.प्र.प.नं. : ३९/१५१<br>जारी मिति : २०५२/१०/२३<br>ठेगाना : पालुङ्ग-५, मकवानपुर<br>**मञ्जुरी दिने**<br>ससुराको नाम : बद्रीप्रसाद ढकाल<br>बाबुको नाम : लोकनाथ विडारी<br>पतिको नाम : धिरज ढकाल<br>ना.प्र.प.नं. : २०/५८४<br>ठेगाना : पालुङ्ग-५, मकवानपुर |   | धिरज ढकालको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला ज्यामिरे गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ११२/७५४/११५/७५७/७५८ को क्षेत्रफल ०--१७-३-०/१-२-८.५-०/१-१७-३-०/०-६-४-०/०-८-१०.५-० को जग्गा । |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना